नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
# सूचना तथा प्रसारण विभाग
(आर्थिक प्रशासन शाखा)

फोनः ४११२७१७
४११२५५१
४११२७५३
४४११८१६
फ्याक्स : ४११२६५२

सञ्चारग्राम, तिलगंगा, काठमाडौं

पत्रसंख्या :-२०७५/७६
च.नं.:- १०८६

मिति: २०७६/०३/१२

विषय : लोककल्याणकारी विज्ञापन रकम भुक्तानी सम्बन्धमा ।

श्री क्षेत्रिय हुलाक निर्देशनालय, मोरङ्ग, विराटनगर
श्री श्री क्षेत्रिय हुलाक निर्देशनालय, कास्की, पोखरा
श्री क्षेत्रिय हुलाक निर्देशनालय, सुर्खेत, विरेन्द्रनगर
श्री जिल्ला हुलाक कार्यालय, जनकपुर, धनुषा
श्री जिल्ला हुलाक कार्यालय, रुपन्देही, वुटवल
श्री जिल्ला हुलाक कार्यालय, मकवानपुर, हेटौंडा
श्री जिल्ला हुलाक कार्यालय, कैलाली, धनगढी

प्रस्तुत विषयमा लोककल्याणकारी विज्ञापन रकम भुक्तानी सम्बन्धमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयकाको च.नं. प्रेस/२२/४२५ मिति २०७६।०३।१२ को पत्र यसै साथ संलग्न छ। सो पत्र अनुसार एक पटकका लागि मात्र लोककल्याणकारी विज्ञापन रकम भुक्तानीको व्यवस्था गर्नु हुन अनुरोध छ।

..............................
ध्रुव कुमार पोखरेल
निर्देशक

बोधार्थ
श्री सञ्चार ताथा सूचना प्रविधि मन्त्रालय, प्रेस तथा सूचना समन्वय शाखा ।
श्री हुलाक सेवा विभाग, काठमाडौ

नेपाल सरकार

# सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

(प्रेस तथा सूचना समन्वय शाखा)

सिंहदरबार, काठमाडौँ

प.सं.०७५।७६
च.नं.प्रेस-२२/९८२५

मितिः-२०७६।०३।१२

विषयः- लोककल्याणकारी विज्ञापन रकम भुक्तानी सम्वन्धमा।

श्री सूचना तथा प्रसारण विभाग
तिलगङ्गा, काठमाण्डौं।

ताहाँको च.न.१०६७ मिति २०७६।०३।८ को पत्र प्राप्त भई व्यहोरा अवगत भयो। तत् सम्वन्धमा यस आ.व. ०७५/०७६ मा पत्रपत्रिका प्रकाशित भईसकेपछि सन्देश प्रकाशन भएका अङ्क सहित पत्रपत्रिकाको सम्पूर्ण अङ्क सम्वन्धित सञ्चार प्रतिष्ठानले काठमाण्डौं उपत्यका र प्रदेश राजधानीबाट प्रकाशित हुने पत्रपत्रिकाले पत्रिका प्रकाशन भएको ३० दिन भित्र र अन्यले थप ७ दिन भित्र पत्र सहित पठाउनु पर्ने व्यवस्था लोककल्याणकारी विज्ञापन प्रकाशन, प्रसारण र रकम भुक्तानी गर्ने कार्यविधिको दफा १४ (क) र (ख) मा रहेकोमा कार्यविधि ढिलो स्वीकृत भएको, स्वीकृत हुन अघि दर्ता गर्ने विषयमा केहि अन्यौलता भएको सन्दर्भमा चैत्र मसान्त भित्र प्रकाशित भएको पत्रपत्रिकाहरु निर्धारीत मितिमा प्रकाशन भई सञ्चार केन्द्र वा हुलाक निर्देशनालय/ हुलाक कार्यलयमा ढिला गरि दर्ता भएका को हकमा स्थानीय जिल्ला तहको पत्रकार महासंघको कार्यलय र कुनै पनि एक सरकारी निकायबाट उक्त मितिमा सो पत्रिका प्रकाशन भएको प्रमाण पेश गर्न लगाई एक पटकका लागि मात्र लागु हुने गरि नियमानुसार भुक्तानी गर्न सकिने हदसम्म भुक्तानीको व्यवस्था मिलाउन सम्वन्धित हुलाक निर्देशनालय/ जिल्ला हुलाक कार्यलयलाई निर्देशन दिने भनि मिति २०७६।०३।१२ (माननीय मन्त्रीस्तर) बाट निर्णय भएकोले सो अनुसार गर्न/ गराउनु हुन निर्णयानुसार अनुरोध छ।

बोधार्थः-
श्री हुलाक सेवा विभाग
डिल्लीबजार, काठमाण्डौं।

मुकुन्द शर्मा
(उप सचिव)

आ.प्र. आ/वा, आजै सबै निकायमा पुग्ने गरी पठाउनुहोस्
३।१२